जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २८६ • २०८३ श्रावण २० गते बुधवार • 5 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## गृहमन्त्री सुधन गुरुङद्वारा धार्मिक संघसंस्थाका प्रतिनिधिसँग लामो छलफल

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १९ श्रावण



सुनसरीको देवानगञ्ज घटनापछि तराई मधेशका विभिन्न जिल्लामा बढेको साम्प्रदायिक तनावलाई साम्य पार्ने प्रयास स्वरूप जनकपुरधाम आएका गृहमन्त्री सुधन गुरुङले धार्मिक संघसंस्थाका प्रतिनिधिसँग लामो छलफल गरेका छन् ।

वार्तापछि आन्दोलनरत पक्षहरूले आन्दोलन स्थगित गरेको घोषणा गरेका भए पनि सरकारले सहमतिको आधिकारिक विवरण भने सार्वजनिक गरेको छैन । गृहमन्त्री गुरुङले सुनसरीदेखि सिरहासम्मका विभिन्न पक्षसँग संवाद गरेपछि जनकपुरधाममा हिन्दु सम्राट सेना, विश्व हिन्दु परिषद्, राष्ट्रिय बजरंग दल, राष्ट्रिय एकता दललगायतका संस्थाको संयुक्त हिन्दु मोर्चाका प्रतिनिधिसँग छलफल गरेका थिए । वार्तामा सहभागी प्रतिनिधिहरूका अनुसार उनीहरूले १३ बुँदे मागपत्र बुझाएका थिए भने अर्को समूहले थप ६ बुँदे माग प्रस्तुत गरेको थियो। वार्तामा सहभागी पक्षहरूले गृहमन्त्रीले आफ्ना मागप्रति सकारात्मक प्रतिबद्धता जनाएकाले आन्दोलन फिर्ता लिएको बताएका छन् । तर, सहमतिको लिखित दस्तावेज सार्वजनिक गरिएको छैन । सरकारी पक्षले पनि वार्ताबाट भएका सहमतिबारे औपचारिक जानकारी दिएको छैन । आन्दोलनकारीको १९ बुँदे मागमध्ये प्रमुख माग नेपाललाई पुनः हिन्दु राष्ट्र कायम गर्ने विषयलाई निश्चित समयसीमाभित्र सर्वदलीय तथा सर्वपक्षीय छलफल मार्फत अघि बढाउनु रहेको छ । यससँगै धार्मिक अवसरमा हातहतियार प्रदर्शन नियन्त्रण, धार्मिक स्थलमा जडान गरिएका ध्वनि विस्तारक उपकरणको व्यवस्थापन तथा धार्मिक स्थल आसपास बसोबास गर्ने व्यक्तिहरूको अभिलेखीकरण र आवश्यक निगरानीको माग पनि समावेश छ । वार्तामा सहभागी विश्व हिन्दु परिषद्का अध्यक्ष सन्तोष साहले गृहमन्त्रीले हिन्दु राष्ट्र सम्बन्धी विषयलाई तीन महिनाभित्र राजनीतिक तहमा छलफलको प्रक्रियामा लैजाने प्रतिबद्धता जनाएको दाबी गरे ।

उनका अनुसार अन्य माग कार्यान्वयनका लागि पनि स्थानीय प्रशासनलाई आवश्यक निर्देशन दिने सहमति भएको बताइएको छ । हिन्दु सम्राट सेनाका वार्ता समिति सदस्य सन्नी भगतले पहिलो पटक संघ, प्रदेश र स्थानीय तहका प्रतिनिधि तथा सुरक्षा निकायको उपस्थितिमा भएको वार्तामा गृहमन्त्रीले सार्वजनिक रूपमा प्रतिबद्धता जनाएको उल्लेख गर्दै त्यसले माग सम्बोधन हुने विश्वास बढाएको बताए ।

## विद्यालय बस दुर्घटना हुँदा चालकसहित ६ जना घाइते



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १९ श्रावण

महोत्तरीको गौशाला नगरपालिका-९ डुमरवानास्थित भित्री सडकमा मङ्गलबार बिहान विद्यालय बस दुर्घटना हुँदा चालकसहित ६ जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार बिहान करिब ७:३० बजे मोर्डन शारदा शिक्षा सदन बोर्डिङ स्कुलको बा १ क ६१२९ नम्बरको बस इमली बजारबाट गौशालातर्फ जाँदै गर्दा अनियन्त्रित भई सडकबाट उखुबारीमा पल्टिएको हो ।

दुर्घटनामा बस चालक गौशाला नगरपालिका-५ का ४० वर्षीय विजय भुजेलसहित गौशाला-११ का १० वर्षीय प्रतीक कुशवाहा, ८ वर्षीय प्रज्ज्वल कुशवाहा, १३ वर्षीया प्रिती कुशवाहा, गौशाला-९ का १३ वर्षीय उमर शेख र गौशाला-११ का ६ वर्षीय आदर्श कुशवाहा घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेका अनुसार घाइतेमध्ये अधिकांशको खुट्टा, नाक र कम्मरमा चोट लागेको छ ।

चालक विजय भुजेल र उमर शेखलाई थप उपचारका लागि बीके अस्पताल, गौशाला पठाइएको छ भने अन्य घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ । दुर्घटनापछि प्रहरी चौकी कान्तिबजारबाट खटिएको प्रहरी टोली र स्थानीयवासीले तत्काल उद्धार गरी सबै घाइतेलाई उपचारका लागि अस्पताल पुर्‍याएका थिए । प्रहरीले प्रारम्भिक रूपमा बस अनियन्त्रित भएर दुर्घटना भएको जनाएको छ ।

## मानव तस्करीको आशंकामा नेपाली किशोरीको सीमा नाकाबाट उद्धार



मो.इर्शाद
धनुषा, १९ श्रावण

भारत-नेपाल अन्तर्राष्ट्रिय सीमामा मानव तस्करी नियन्त्रण अभियान अन्तर्गत ४८ औं वाहिनी, सशस्त्र सीमा बल (एसएसबी) जयनगरले जटही चेकपोस्टबाट एक नेपाली नाबालिग किशोरीको सकुशल उद्धार गरी नेपाल प्रशासनलाई जिम्मा दिएको छ। एसएसबीको समयमै अपनाएको सतर्कताका कारण सम्भावित मानव तस्करीको प्रयास असफल भएको जनाएको छ । एसएसबीका अनुसार सोमबार समवाय पिपरौन क्षेत्रअन्तर्गत जटही चेकपोस्टमा नियमित जाँचका क्रममा नेपालबाट भारततर्फ जाँदै गरेका एक नाबालिग युवक र एक नाबालिग किशोरीलाई रोकिएको थियो ।

उनीहरूले कुनै पनि वैध परिचयपत्र देखाउन सकेनन् । प्रारम्भिक सोधपुछका क्रममा आफूहरू दाजुभाइ-दिदीबहिनी भएको बताए पनि उनीहरूको भनाइमा विरोधाभास देखिएपछि थप अनुसन्धान गरिएको थियो । विस्तृत सोधपुछका क्रममा ती युवकले दुवै एकअर्कालाई चिन्ने र परिवारको जानकारी तथा अनुमति बिना नेपालबाट भारततर्फ जाँदै गरेको स्वीकार गरेका थिए । घटनाको संवेदनशीलतालाई मध्यनजर गर्दै एसएसबीले दुवैलाई सुरक्षाका लागि समवाय मुख्यालय पिपरौनमा लगेर आवश्यक प्रक्रिया अघि बढाएको थियो । त्यसपछि नेपालस्थित गैरसरकारी संस्था पीस रिह्याबिलिटेसन सेन्टर (Peace Rehabilitation Center) तथा नेपाल सशस्त्र प्रहरी बल (एपीएफ) लाई जानकारी गराइएको थियो। काउन्सेलर तथा सम्बन्धित अधिकारीहरूको उपस्थितिमा आवश्यक कानुनी र मानवीय प्रक्रिया पूरा गरी दुवै नाबालिगलाई सकुशल नेपाल प्रशासनको जिम्मा लगाइएको एसएसबीले जनाएको छ । ४८औं वाहिनीका कमान्डेन्ट राजेन्द्र कुमार ले उद्धार अभियानमा संलग्न अधिकारी तथा जवानहरूको प्रशंसा गर्दै एसएसबी सीमा सुरक्षासँगै महिला तथा बालबालिकाको सुरक्षा र मानव तस्करी नियन्त्रणका लागि पूर्ण प्रतिबद्धताका साथ कार्यरत रहेको बताएका छन् ।



जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



सम्पादकीय.....................

# आजका बालबालिका भोलिका कर्णधार

*आजका बालबालिका देशको वर्तमानमात्र होइनन्, भोलिका कर्णधार र देश निर्माणका खम्बा रहेको देखिन्छ । जलवायु परिवर्तनले आजको पुस्तामा पारेको शारीरिक, मानसिक र सामाजिक चोटले भोलिको सिंगो देशलाई कमजोर बनाउने निश्चित देखिन्छ । कार्बन उत्सर्जनमा नेपालजस्ता विकासशील देशका बालबालिकाको कुनै गल्ती छैन, तर पनि उनीहरू यसको सजाय भोगिरहेको देखिन्छ । अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु न्यायको वकालत गरिरहँदा हामीले देशभित्र आफ्नै घरआँगनमा निसास्सिएका, शिक्षाबाट वञ्चित भएका र बालविवाहको वेदीमा चढाइएका निर्दोष बालबालिकाहरूको अधिकार रक्षा गर्नैपर्छ । नयाँ बजेटका नीतिहरू कागजमा आकर्षक सुनिए पनि तिनको सफल कार्यान्वयन र जलवायु बजेटको बाल-केन्द्रित पुनरावलोकन बिना हाम्रा बालबालिकाको भविष्य सुरक्षित हुन सक्दैन ।*

*जलवायु कार्ययोजनालाई बाल-मैत्री र लैंगिक-संवेदनशील बनाउनु आजको विलासिता होइन, भोलिको सुन्दर र समतामूलक नेपाल निर्माणका लागि अनिवार्य सर्त रहेको देखिन्छ ।*

# कैद तथा जरिवाना सजाय तोकिएका फरार ८ जना प्रतिवादी पक्राउ

जलेश्वरटुडे समाचारदाता
धनुषा, १९ श्रावण

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ८ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार पक्राउ परेकाहरूलाई धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयनका क्रममा खोजतलास गरी नियन्त्रणमा लिइएको हो ।

पक्राउ परेका सबैलाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला अदालत धनुषामा



पेश गरिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पक्राउ परेकामध्ये सवारी ज्यान मुद्दाका एक प्रतिवादीलाई १५ दिन कैद र दुई हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

यस्तै दुई जनालाई एक-एक वर्ष कैद र पाँच-पाँच हजार रुपैयाँ जरिवानाको फैसला भएको थियो । त्यसैगरी चोरी मुद्दाका दुई प्रतिवादीलाई क्रमशः एक महिना कैदसँगै एक लाख ६० हजार रुपैयाँ तथा एक लाख १३ हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

जालसाजी मुद्दाका दुई प्रतिवादीमध्ये एक जनालाई १२ हजार ५०० रुपैयाँ जरिवाना तथा अर्कोलाई कैद सजाय नभई १२ हजार ५०० रुपैयाँ जरिवानाको फैसला भएको थियो ।

लागुऔषध मुद्दाका एक प्रतिवादीलाई भने एक वर्ष ६ महिना कैद र १० हजार रुपैयाँ जरिवानाको फैसला भएको प्रहरीले जनाएको छ । धनुषा प्रहरीले अदालतका फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने अभियान अन्तर्गत फरार प्रतिवादीको खोजी तथा पक्राउ कार्यलाई निरन्तरता दिएको जनाएको छ ।

# आधिकारिक स्रोतबाट पुष्टि भएका तथ्य मात्र प्रकाशन तथा प्रसारण गर्न आग्रह

जलेश्वरटुडे समाचारदाता
पर्सा, १९ श्रावण

जिल्ला प्रहरी कार्यालय पर्साले बालबालिका विरुद्धको कसुर सम्बन्धी घटनामा अनुसन्धान जारी रहेकाले आधिकारिक स्रोतबाट पुष्टि भएका तथ्य मात्र प्रकाशन तथा प्रसारण गर्न सञ्चारमाध्यमलाई आग्रह गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता चक्रबहादुर मल्लले सोमबार एक ध्यानाकर्षण विज्ञप्ति जारी गर्दै अनुसन्धान सम्पन्न नहुँदै अनुमान, अपुष्ट सूचना वा एकपक्षीय आधारमा समाचार सम्प्रेषण नगर्न अनुरोध गरेका हुन् । उनका अनुसार यस्ता सामग्रीले अनुसन्धान प्रक्रियामा प्रतिकूल असर पार्नुका साथै सम्बन्धित पक्षको अधिकारमा समेत प्रभाव पार्न सक्छ ।

प्रहरीका अनुसार साउन ९ गते वीरगञ्ज महानगरपालिका-१३ राधेमाई टोलकी एक बालिकामाथि बालबालिकाविरुद्धको कसुर भएको भन्दै जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता भएको थियो । जाहेरी प्राप्त भएपछि प्रहरीले निखिलसिंह राजपुतलाई नियन्त्रणमा लिई



प्रचलित कानुनअनुसार अनुसन्धान अघि बढाइरहेको जनाएको छ ।

प्रवक्ता मल्लले अनुसन्धान निष्पक्ष, स्वतन्त्र र गोपनीय ढंगले प्रमाणका आधारमा भइरहेको उल्लेख गर्दै तथ्य पुष्टि नभएका सूचना सार्वजनिक गर्दा सर्वसाधारणमा भ्रम फैलिन सक्ने र अनुसन्धानमा अवरोध पुग्न सक्ने बताए । उनले प्रहरी कानुनसम्मत, पारदर्शी र निष्पक्ष अनुसन्धानप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै अनुसन्धान पूरा भएपछि सार्वजनिक गर्न मिल्ने विवरण आधिकारिक रूपमा उपलब्ध गराइने स्पष्ट पारे ।




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: लामो यात्राको योग छ
मिथून: मनमा पछुतो आउने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: पिछडेको साथी मिल्ने
तुला: आम्दानी हुने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: खानपानमा समस्या आउने
मकर: अनावश्यक चिन्ता
कूम्भ: मित्रतामा फाटो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्वुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# इरानसँगको वार्तामा मध्यस्थता गरेपछि पाकिस्तानले अमेरिकी कोषबाट १० अर्ब डलर खोज्यो



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ श्रावण**

इरान वार्तामा मध्यस्थता गरेपछि पाकिस्तानले १० अर्ब डलर अमेरिकी डलर अनुरोध गरेको छ। यस विषयमा जानकार दुई स्रोतहरूका अनुसार, पाकिस्तानले संयुक्त राज्य अमेरिकाबाट १० अर्ब डलरको विनिमय स्थिरीकरण सुविधाको लागि अनुरोध गरेको हो ।

जुन स्वीकृत भएमा, नगद अभावमा परेको पाकिस्तानको अर्थतन्त्रको लागि जीवन रेखा प्रदान गर्न सक्छ। पहिलो पटक रिपोर्ट गरिएको यो अनुरोध इरान युद्ध वार्तामा मध्यस्थता गर्ने पाकिस्तानको भूमिका, यसको कूटनीतिक प्रोफाइल बढाउने र वासिङ्टन र अन्य साझेदारहरूबाट आर्थिक लाभ प्राप्त गर्न सक्ने आशा जगाउने पछि आएको हो । एक अमेरिकी अधिकारीले भने कि पाकिस्तानी अर्थमन्त्री मुहम्मद औरंगजेबले मङ्गलवार अमेरिकी कोष सचिव स्कट बेसेन्टसँगको बैठकमा पठाइएको पत्रमा यो अनुरोध गरेका थिए ।

यसमा, इस्लामाबादले संयुक्त राज्य अमेरिका र पाकिस्तानी सरकार बीच पाँच वर्षसम्मको परिपक्वताको साथ १० अर्ब डलरको द्विपक्षीय विनिमय स्थिरीकरण समर्थन सुविधा सिर्जना गर्न अनुरोध गरेको छ। यदि सहमत भएमा, यो सुविधाले पाकिस्तानको भण्डारलाई बलियो बनाउनेछ। रुपैयाँमा दबाब कम गर्नेछ र बहुपक्षीय वित्त पोषणमा यसको निर्भरता कम गर्नेछ । यद्यपि इस्लामाबादले आफ्नो अन्तर्राष्ट्रिय मुद्रा कोष कार्यक्रम अनुसार कडा वित्तीय र मौद्रिक नीतिहरू पछ्याउँछ । अमेरिकी कोषागारले उक्त अनुरोधमा टिप्पणी गर्न अस्वीकार गऱ्यो। पाकिस्तानको अर्थ मन्त्रालयले एसियाली व्यापारिक समय बाहिर टिप्पणीको लागि रोयटर्सको अनुरोधलाई तुरुन्तै जवाफ दिएन ।

बेसेन्टसँगको भेटमा, औरंगजेबले क्षेत्रीय भूराजनीतिक विकासको लागि देशको अर्थतन्त्रको जोखिम उठाए, उनको मन्त्रालयले अनुरोध उल्लेख नगरेको एक विज्ञप्तिमा भनिएको छ। यसले भन्यो, "सिनेटर औरंगजेबले पाकिस्तानको बजार पहुँच मार्गहरूको लागि बढ्दो अमेरिकी समर्थन खोजेका थिए, जुन अन्तर्राष्ट्रिय पुँजी बजारहरूमा सुधारिएको पहुँच, ठूलो विदेशी मुद्रा भण्डार, र सुधारिएको सार्वभौम क्रेडिट मूल्याङ्कनद्वारा समर्थित हुनेछ," र थपे कि दुवै पक्षले द्विपक्षीय आर्थिक सहयोगलाई गहिरो बनाउन, ठूलो अमेरिकी लगानीलाई प्रवर्द्धन गर्न र रणनीतिक परियोजनाहरूलाई अगाडि बढाउन आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गरेका छन् ।

# आगोमा घिउ थप्ने काम बन्द गर्नुहोस् : ट्रोलिङ प्रकरणमा ऋतिकमाथि खनिइन् कंगना

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १९ श्रावण**



अभिनेत्री कंगना रनोटले अभिनेता ऋतिक रोशनलाई आफ्नो नाम प्रयोग गरेर ट्रोल गर्नेहरूको आलोचना गर्न अपिल गर्दै आगोमा घिउ थप्ने काम बन्द गर्न भनेकी छन् । ऋतिक रोशनले आफ्नो नाम प्रयोग गरेर ट्रोल गर्नेहरूलाई 'बी' लाई मन पराउँदैन भन्दै 'ए' को पक्ष लिनु समाजलाई नोक्सान पुर्याउने प्रणालीगत समस्याको सानो हिस्सा भएको बताएका थिए। कंगनाले ऋतिकलाई सबा आजादसँगको सम्बन्धका लागि बधाई दिँदै आफ्नो नाम प्रयोग गरेर ट्रोल गर्नेहरूको निन्दा गर्न र आगोमा घिउ थप्ने काम बन्द गर्न आग्रह गरेकी छन् ।

मुम्बई। अभिनेत्री कंगना रनोटले अभिनेता ऋतिक रोशनलाई आफ्नो नाम प्रयोग गरेर ट्रोल गर्नेहरूको आलोचना गर्न अपिल गर्दै आगोमा घिउ थप्ने काम बन्द गर्न भनेकी छन् । हालै सोसल मिडियामा 'द वर्ल्ड ओज एन अपोलोजी टु ऋतिक रोशन' अर्थात् 'दुनियाँले ऋतिक रोशनसँग माफी माग्नुपर्छ' भन्ने ट्रेन्ड चलेको थियो । ककरोच जनता पार्टी (सीजीपी) का प्रवक्ता सौरभ दासले बरखा दत्तसँगको कुराकानीमा, 'मेरा साथीहरूले मलाई म्यासेज गरेर उनी अहिले किन तिम्रो पछाडि लागेकी छिन् भनेर सोधिरहेका थिए, तीमध्ये एक जनाले म थोरै-थोरै युवा अवस्थाको ऋतिक रोशनजस्तो देखिन्छु भनेका थिए' भन्ने बयान दिएपछि यो ट्रेन्ड चर्चामा आएको हो ।

यही ट्रेन्डका क्रममा धेरै सोसल मिडिया प्रयोगकर्ताहरूले कंगना रनोटलाई ट्रोल गरे। एक पोस्टमा प्रतिक्रिया दिँदै ऋतिक रोशनले, 'मेरो साथी, तपाईं अब 'बी' लाई मन पराउनुहुन्न भन्दैमा 'ए' को पक्ष लिनु हाम्रो समाजलाई नोक्सान पुऱ्याउने ठुलो प्रणालीगत समस्याको सानो हिस्सा हो' भनेका थिए। उनले थपे, 'यसको पछाडिको सन्दर्भ सही नभएसम्म र त्यो तथ्यमा आधारित नभएसम्म म पर्खनेछु, त्यो सही हुनेछ, तर फेरि कसलाई प्रवाह छ र ?' ऋतिकको यो प्रतिक्रियापछि कंगना रनोटले इन्स्टाग्राम स्टोरीमा, 'प्रिय ऋतिक, तपाईंले आफ्नो पर्फेक्ट पार्टनर पाउनुभएकोमा मलाई खुसी लागेको छ, सबा आजादसँग तपाईंको जोडी धेरै राम्रो देखिन्छ र तपाईंहरू गम्भीर सम्बन्धमा हुनुहुन्छ' भन्दै निशाना साधिन् । कंगनाले अगाडि लेखिन्, 'यस्तो अवस्थामा कुनै महिलालाई यसरी जिस्क्याउनु वा उसको खिल्ली उडाउनु तपाईंलाई शोभा दिँदैन, यसको सट्टा तपाईंले आफ्नो नाम प्रयोग गरेर मलाई हैरान पार्ने र बुली गर्नेहरूको निन्दा गर्नुपर्छ ।'



अनुरोधकर्ता
लोहारपट्टी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
धनुषाधाम नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
धनौजी गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

# सुनसरी घटनाको सन्देश : प्रतिशोध होइन, आत्मसमीक्षा

-सुनसरीमा भएको दु:खद घटनापछि सामाजिक सद्भाव, संवैधानिक मूल्य र सरकारको भूमिकामाथि गम्भीर बहस आवश्यक छ । धार्मिक विभाजन र प्रतिशोधको सट्टा निष्पक्ष अनुसन्धान, कानुनी कारबाही र समाजमा विश्वास पुन:स्थापनामा जोड दिनुपर्छ । राष्ट्रिय एकता र नागरिकको सुरक्षा नै सबैभन्दा महत्वपूर्ण धर्म हो, त्यसैले संयम, आत्मसमीक्षा र सत्यको खोजी गर्नु आजको आवश्यकता हो । सुनसरीमा हालै घटित दु:खद घटनापछि सामाजिक सञ्जाल र सार्वजनिक जीवनमा अनेक टीकाटिप्पणी, आरोप, प्रत्यारोप देखिएका/सुनिएका छन् । यस्तो संवेदनशील समयमा हाम्रो उद्देश्य कुनै धर्म, समुदाय वा व्यक्तिलाई दोषी ठहर गर्ने हुनु हुँदैन । यो बेला नेपालको सामाजिक सद्भाव, संवैधानिक मूल्य, लोकतान्त्रिक उत्तरदायित्व र सरकारको भूमिकामाथि गम्भीर राष्ट्रिय बहसको आवश्यकता छ ।

आजको प्रविधियुक्त समाजका कारण कुनै पनि राष्ट्र केवल संविधानका पानाको भरमा अघि बढ्न सक्दैन । यसका लागि नागरिक-नागरिकबीच आपसी विश्वास, सहिष्णुता र साझा भविष्यको आस्थाको आवश्यकता हुन्छ । देशको वास्तविक शक्ति अस्त्र-शस्त्रले सुसज्जित सेना, अर्थतन्त्र वा राजनीतिक बहुमतमा मात्रै सीमित हुँदैन । त्यो शक्ति नागरिकबीचको पारस्परिक सम्मान, सामाजिक सद्भाव र न्यायपूर्ण राज्य व्यवस्थामा निहित हुन्छ । यिनै आधारहरूकै कारण नेपालले इतिहासमा अनेक राजनीतिक आरोह-अवरोह तथा उतारचढाव पार गर्दै राष्ट्रिय एकता जोगाएको छ ।

नेपाल भौगोलिक रूपमा सानो भए पनि सांस्कृतिक रूपमा अत्यन्तै समृद्ध राष्ट्र हो । हिमाल, पहाड, तराईको विविधतासँगै यहाँ भाषा, संस्कृति, परम्परा र धार्मिक आस्थाको अद्वितीय संगम छ । यही विविधताको सम्मान गर्दै नेपाली समाजले शताब्दीयौंदेखि सहअस्तित्वको संस्कार निर्माण गरेको छ । त्यसैले नेपाल विश्वमै शान्तिप्रिय, सहिष्णु र बहुलवादी समाजका रूपमा परिचित छ । लामो समयसम्म नेपाल विश्वमै एक्लो हिन्दु अधिराज्यका रूपमा परिचित रह्यो । राजसंस्था हिन्दु परम्परासँग जोडिएको थियो र राजा राष्ट्रका सांस्कृतिक एकताको प्रतीक मानिन्थे ।

जिम्मेवार सरकारबाट नागरिकले संकटका बेला संयमित भाषा, स्पष्ट दृष्टिकोण र निष्पक्ष नेतृत्वको अपेक्षा गर्छन् । राज्यका शीर्ष नेतृत्वका अभिव्यक्तिले समाजलाई आश्वस्त बनाउनुपर्छ, विभाजित होइन । नेतृत्वको विश्वसनीयता शब्दभन्दा बढी व्यवहारबाट स्थापित हुन्छ । २०६२/०६३ को जनआन्दोलनपछि नेपाल धर्मनिरपेक्ष राष्ट्र बन्यो । त्यस परिवर्तनलाई देशकै विभिन्न भागका बहुसंख्यक नागरिकले सहज स्वीकार गरे भने केहीले आलोचना पनि गरे । तर, संविधानले रोजेको धर्मनिरपेक्षताको मूल भावना कुनै धर्मलाई कमजोर बनाउनु होइन । राज्यलाई सबै धर्मप्रति समान व्यवहार गर्ने दायित्वमा स्थापित गर्नु हो । धर्मनिरपेक्षता राज्यको धार्मिक तटस्थता हो, समाजको धार्मिक शून्यता होइन । नेपाली समाज आ-आफ्ना आस्था र परम्परासहित जीवित रहन्छ । राज्यले सबैलाई समान अधिकार, सम्मान र सुरक्षा दिन्छ । यही नै उत्तम एवम् आधुनिक लोकतन्त्रको आत्मा हो । विगत करिब दुई दशकको संक्रमणकालीन अवधिमा नेपालमा अनेकौं सरकार फेरिए, राजनीतिक समीकरण बदलिए, संविधान कार्यान्वयनका अनेक चुनौती आए । तर, एउटा विषय कायमै रह्यो- धार्मिक सहिष्णुता तथा सहअस्तित्व । हिन्दु, मुस्लिम, बौद्ध, किराँत, इसाई र अन्य समुदायका नागरिक एउटै गाउँ, एउटै बजार, एउटै विद्यालय र एउटै सार्वजनिक जीवनमा मिलेर बसिरहेका छन् । दसैं, तिहार, इद, छठ, बुद्धजयन्ती वा क्रिसमसका अवसरमा एकअर्कालाई शुभकामना दिने हाम्रो संस्कार नै नेपाली राष्ट्रियताको सुन्दर परिचय हो । यही पृष्ठभूमिमा सुनसरीमा हालै भएको घटना दुर्भाग्यपूर्ण, दु:खद एवम् चिन्ताजनक छ । सार्वजनिक रूपमा उपलब्ध जानकारीअनुसार, हिन्दुहरूले मनाउँदै आएको धार्मिक कार्यक्रममा उत्पन्न तनाव अन्ततः भयानक हिंसामा परिणत भयो । केही नागरिकले ज्यान गुमाए, धेरै घाइते भए र सम्पूर्ण राष्ट्र स्तब्ध बन्यो । घटनाको वास्तविक कारण के ? गोली कसले चलायो ? सुरक्षा संयन्त्रले कस्तो भूमिका निर्वाह गर्‍यो ? यी प्रश्नको उत्तर निष्पक्ष अनुसन्धानले मात्रै दिन सक्छ । त्यसैले अनुसन्धान सम्पन्न नभएसम्म कुनै समुदाय वा पक्षलाई दोषी ठहर गर्नु न न्यायसंगत हुन्छ, न राष्ट्रहित । तर, यसले सरकारको जिम्मेवारीलाई कमचाहिँ पक्कै गर्दैन ।




राज्यको प्रथम दायित्व नागरिकको जीवन, स्वतन्त्रता र सुरक्षाको रक्षा गर्नु हो । धार्मिक रूपमा संवेदनशील कार्यक्रममा जोखिमको पूर्वआकलन, स्थानीय समुदायसँग संवाद, पर्याप्त सुरक्षा व्यवस्था र समयमै हस्तक्षेप आवश्यक हुन्छ । यदि यस्ता पक्षमा कमजोरी देखियो भने त्यो प्रशासनिक त्रुटि मात्रै होइन, राजनीतिक उत्तरदायित्वको विषय पनि हो । लोकतान्त्रिक व्यवस्थामा सरकारको उचित मूल्यांकन संकटको घडीमा हुन्छ । बहुमत प्राप्त गर्नु एउटा उपलब्धि, तर संकट व्यवस्थापन गर्न सक्नु नेतृत्वको वास्तविक परीक्षा हो । सुनसरीको संवेदनशील घटनापछि सरकारले अपेक्षित राजनीतिक परिपक्वता, प्रशासनिक तत्परता र समाजमा विश्वास जगाउने नेतृत्व प्रदर्शन गर्न सकेको भए परिस्थिति अझ प्रभावकारी रूपमा नियन्त्रणमा ल्याउन सकिन्थ्यो- यो सवाल स्वाभाविक र व्यापक रूपमा उठिरहेकै छ ।

जिम्मेवार सरकारबाट नागरिकले संकटका बेला संयमित भाषा, स्पष्ट दृष्टिकोण र निष्पक्ष नेतृत्वको अपेक्षा गर्छन् । राज्यका शीर्ष नेतृत्वका अभिव्यक्तिले समाजलाई आश्वस्त बनाउनुपर्छ, विभाजित होइन । नेतृत्वको विश्वसनीयता शब्दभन्दा बढी व्यवहारबाट स्थापित हुन्छ । यस घटनाले वर्तमानको प्रविधियुक्त बदलिँदो समाजमा सामाजिक सञ्जालको अर्को गम्भीर चुनौती पनि उजागर गरेको छ । अपुष्ट सूचना, उत्तेजक अभिव्यक्ति र घृणामूलक प्रचारले केही घण्टामै समाजमा अविश्वास फैलाउन सक्ने अवस्था सिर्जना हुँदै गएको छ । अभिव्यक्ति स्वतन्त्रताको संरक्षणसँगै जिम्मेवार अभिव्यक्तिको संस्कार पनि उत्तिकै आवश्यक छ । कुनै एक घटनालाई सम्पूर्ण हिन्दु समुदाय वा मुस्लिम समुदायसँग जोड्ने प्रयास राष्ट्रका लागि घातक हुन्छ । अपराधीको कुनै धर्म हुँदैन, उसको पहिचान केवल अपराधीको हुन्छ । यदि हामीले धर्मका आधारमा होइन, कानुनका आधारमा न्याय गर्न सिकेनौं भने संविधानको मर्म नै कमजोर हुनेछ ।यस बेला अर्को सम्भावनालाई पनि गम्भीरतापूर्वक विचार गर्नुपर्छ ।

साभार : कान्तिपुर ।


**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






**अनुरोधकर्ता**
**बलवा नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**






**अनुरोधकर्ता**
**शहिदनगर नगरपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**






**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday